श्री सचिव,

बैठक तथा प्रशासन,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. ५
बुटवल, नेपाल

कोरोना भाइरस (COVID-१९) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७७ (पहिलो संशोधन) स्वीकृत गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं.१/४-२०७७ मिति २०७७।०२।१८ को प्रस्ताव प्र.मं.प.बै.सं. ६/२०७७, मिति २०७७।०२।२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३५ को उपनियम (२) बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७७।०२।२०

प्रमुख सचिव

(तोयनारायण ज्ञवाली)
प्रमुख सचिव

प्रदेश सरकार
मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं. ५

**कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७६ को संशोधन मस्यौदा**

**प्रस्तावना:** कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७६लाई तत्काल समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५, प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) (पहिलो संशोधन) निर्देशिका, २०७७ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७६ को दफा ४ मा संशोधन:** कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७६ (यस पछि मूल निर्देशिका भनिएको) को दफा ४ को खण्ड (ङ) पछि देहाय खण्डहरु थप गरिएका छन्,-

"(च) कोरोना भाइरस (COVID-19) को परीक्षणका लागि प्रयोगशाला स्थापना तथा सञ्चालनमा लाग्ने आवश्यक उपकरण, औषधि, सामग्री, स्वाव कलेक्शन तथा सञ्चालन खर्च,

(छ) कोरोना भाइरस (COVID-19) को उपचारको लागि स्वास्थ्य कार्यालय र सरकारी अस्पताललाई आवश्यक पर्ने उपकरण, सामग्री, स्वाव कलेक्सनमा लाग्ने खर्च,

(ज) कोरोना भाइरस (Covid-19 ) को उपचारको लागि आइसोलेशन केन्द्रमा रहने लक्षण नदेखिएका कोरोनाका संक्रमित व्यक्ति, निजहरुको उपचारमा संलग्न स्वास्थ्यकर्मी, सो केन्द्रको सुरक्षामा खटिएका सुरक्षा कर्मचारीको खाना खर्च लगायतका सञ्चालनका लागि आवश्यक पर्ने खर्च,

(झ) प्रादेशिक कोरोना संकट व्यवस्थापन केन्द्र (सि.सि.एम.सी.)ले सिफारिश गरेका आधारमा समितिले निर्णय गरेका खर्च ।"

३. **मूल निर्देशिकाको दफा ७ मा संशोधन:** मूल निर्देशिकाको दफा ७ मा संशोधन,-

१. उपदफा (२) मा रहेका "सदस्य-सचिव" भन्ने शब्दहरु पछि "वा निजले तोकेको सामाजिक विकास मन्त्रालयको वरिष्ट अधिकृत" भन्ने शब्दहरु थप गरिएका छन् ।

२. उपदफा (३) पछि देहायका उपदफाहरु थप गरिएको छ ।

"(४) समितिको निर्णयनुसार कोषबाट खर्च हुने रकम खर्च गर्ने निकाय वा कार्यालयको ख-३ विविध खातामा जम्मा गर्नुपर्नेछ ।

सचिव

(५) समितिले आफ्नो कार्यमा थप सहयोगको लागि आवश्कता भएमा एक प्राविधिक समिति गठन गर्न सक्नेछ । उक्त गठन हुने समितिमा रहने सदस्य र समितिको कार्य क्षेत्रगत शर्त (टिओआर) समितिले तोके वमोजिम हुनेछ।"

४. <u>मूल निर्देशिकाको दफा ८ मा संशोधनः</u> मूल निर्देशिकाको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छ,-

"(३) कोषबाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयले आफूले गरेको खर्चको रकमको विवरण साप्ताहिक रुपमा आफ्नो वेभसाईट र सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ । खर्चको मासिक प्रगति विवरण सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ।"

५. <u>मूल निर्देशिकाको दफा ९ मा संशोधनः</u> मूल निर्देशिकाको दफा ९ मा संशोधन,-

१. उपदफा (१) मा रहेका "आइसोलेशन अस्पतालले" भन्ने शब्दहरुको सट्टा "कोषबाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयले" भन्ने शब्दहरु राखिएका छन् ।

२. उपदफा (३) मा रहेका "सम्वन्धित आइसोलेशन अस्पतालले" भन्ने शब्दहरुको सट्टा "कोषबाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयले" भन्ने शब्दहरु राखिएका छन् ।

३. उपदफा (४) मा रहेका "आइसोलेशन अस्पताल सञ्चालन गर्ने अस्पतालले" भन्ने शब्दहरुको सट्टा "कोषबाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयले" भन्ने शब्दहरु राखिएका छन् ।

सचिव